बैठक संख्या:९८औं (अन्ठानब्बे)

समय:दिउँसो

आज मिति २०८१ असार १९ गते बुधवारका दिन विदुर नगरपालिकाका नगर प्रमुख श्री राजन श्रेष्ठ ज्यूको अध्यक्षतामा विदुर नगर कार्यपालिकाको निम्न सदस्यहरुको उपस्थितिमा नगर कार्यपालिकाको वैठक बसियो ।

| सि.नं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री राजन श्रेष्ठ | नगर प्रमुख | |
| २ | श्री प्रभा बोगटी | नगर उप-प्रमुख | |
| ३ | श्री लेनिन रञ्जित | वडा अध्यक्ष | |
| ४ | श्री दिपक कायस्थ | वडा अध्यक्ष | |
| ५ | श्री वद्री प्रसाद रिमाल | वडा अध्यक्ष | |
| ६ | श्री निलम वावु ढुंगेल | वडा अध्यक्ष | |
| ७ | श्री लिलानाथ न्यौपाने | वडा अध्यक्ष | |
| ८ | श्री श्याम कृष्ण चालिसे | वडा अध्यक्ष | |
| ९ | श्री रविन्द्र नेपाल | वडा अध्यक्ष | |
| १० | श्री कमल श्रेष्ठ | वडा अध्यक्ष | |
| ११ | श्री हरिराम भण्डारी | वडा अध्यक्ष | |
| १२ | श्री गणेश कुमार नेपाल | वडा अध्यक्ष | |
| १३ | श्री वावुराम तामाङ | वडा अध्यक्ष | |
| १४ | श्री उपिन्द्र खड्का | वडा अध्यक्ष | |
| १५ | श्री भरत वहादुर तामाङ | वडा अध्यक्ष | |
| १६ | श्री दिपक कुमाल | कार्यपालिका सदस्य | |
| १७ | श्री शिव वहादुर विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १८ | श्री सिताराम मिजार | कार्यपालिका सदस्य | |
| १९ | श्री इन्दिरा मिजार | कार्यपालिका सदस्य | |
| २० | श्री राधिका तामाङ | कार्यपालिका सदस्य | |
| २१ | श्री विन्द्या तिम्सिना (आचार्य) | कार्यपालिका सदस्य | |
| २२ | श्री शावित्री राई | कार्यपालिका सदस्य | |
| २३ | श्री सवु मिजार | कार्यपालिका सदस्य | |
| २४ | श्री विनोद कुमार खनाल | प्रमुख प्रशासकीय अधिकृत | |

# ९८ औं कार्यपालिका बैठक (२०८१।०३।१९)

**विषय सुची:-**

१. गत कार्यपालिका वैठकको समिक्षा सम्बन्धमा

२. आ.व.०८१/०८२ को कार्यक्रम तथा वजेट, आर्थिक विधेयक, विनियोजन विधेयक सम्बन्धमा

३. विविध

क) विदुर नगरपालिकाको न्यायिक समिति (कार्यविधि सम्बन्धी) ऐन संशोधन सम्बन्धमा

ख) गदीया खोला खानेपानी योजनाको रकम भुक्तानी सम्बन्धमा

ग) सडक बोर्डको ठेक्का म्याद थप सम्बन्धमा

घ) विपन्न दलित सशक्तिकरण कार्यक्रम अन्तर्गत संचालित क्रिष्टलको आभुषण सम्बन्धमा

ङ) गंगटे / आँपघारी सडकको म्याद पेश भए बमोजिम थप गर्ने सम्बन्धमा

च) चालु आ.व.को आय व्यय विवरण सम्बन्धमा

छ) विदुर खानेपानी  तथा सरसफाइ उपभोक्ता संस्था सम्बन्धमा

**निर्णयहरू:**

**प्रस्ताव नं.१: गत कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा**

**निर्णय नं.१:** यस नगर कार्यपालिकाको अघिल्लो मितिमा भएका बैठकले गरेका निर्णयहरु कार्यान्वयन अवस्थाका बारेमा समिक्षा/छलफल गरी कार्यान्वयनमा गएको र निर्णयहरु यथाशिघ्र कार्यान्वयन गर्न सम्बन्धित शाखाहरुलाई पत्र मार्फत निर्देशन दिएको।

**प्रस्ताव नं.२: आ.व.०८१/०८२ को कार्यक्रम तथा वजेट, आर्थिक विधेयक, विनियोजन विधेयक सम्बन्धमा**

**निर्णय नं.२:** ब्यापक छलफल भई पेश भएको आ.व.०८१/०८२ को कार्यक्रम तथा वजेट, आर्थिक विधेयक र विनियोजन विधेयक पारित गर्नको लागि कार्यपलिकाबाट अनुमोदन गरि नगरसभामा पठाउने।

**विविध:**

निर्णयहरू

**क) विदुर नगरपालिका न्यायिक समिति (कार्यविधि सम्बन्धी) ऐन, २०७४ संशोधन सम्बन्धमा ।**

विदुर नगरपालिकाको विधायन समितिमा छलफल भई नगर कार्यपालिकाको वैठकमा पेश हुन आएको विदुर नगरपालिका न्यायिक समिति (कार्यविधि सम्बन्धी) ऐन, २०७४ संसोधनको लागि नगरसभामा सिफारिस गरि पठाउने ।

**ख) गदीयाखोला खानेपानी योजनाको रकम भुक्तानी सम्बन्धमा**

यस नगरपालिकाद्वारा ठेक्का आव्हान गरि खरिद गरिएकोआयोजनाको पाईपहरु ठेक्का नं. GON/BM/NCB/WORKS/GVMB/15/2080/081, चितवन पोलीपाईप ईन्ड्रस्ट्रिज भरतपुर -४ चितवन कम्पनीले गुणस्तर परिक्षण गरि प्रतिबद्धता सहित पेश गर्ने कागजातका आधार र प्राविधिकबाट प्राप्त प्राविधिक प्रतिवेदनको आधारमा ठेक्काको रकम भुक्तानी गर्न कार्यालयलाई निर्देशन दिने ।

**ग) सडक बोर्डको ठेक्का म्याद थप सम्बन्धमा**

सडक बोर्ड अन्तर्गत कार्यान्यवनमा रहेको ठेक्का नं BM/NCB/Works/RCPackage/13/080/81 को योजना कार्यान्वयनको चरणमा समयसिमा कमी भएको र विविध कारणले गर्दा सम्झौता र कार्य सम्पन्नमा ढिलाई भएको कारण पेश भए बमोजिम म्याद थप गर्ने साथै श्रोत सुनिश्चिचतताको लागि सडक बोर्ड नेपालमा सिफारिस गरि पठाउने ।

**घ) विपन्न दलित सशक्तिकरण कार्यक्रम अन्तर्गत संचालित क्रिष्टलको आभुषण सम्बन्धमा**

महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखाबाट पेश भएको विपन्न दलित सशक्तिकरण कार्यक्रम अन्तर्गत १५ क्रिष्टलको आभुषण मुल्याङ्कन भई पेश भएकोलाई सम्बन्धित प्रशिक्षार्थीहरुलाई आधा मुल्यमा राजश्व लिई दिने ।

**ङ) गंगटे / आँपघारी सडक, विदुर ४ को म्याद पेश भए बमोजिम थप गर्ने सम्बन्धमा**

गंगटे / आँपघारी सडक, विदुर ४ को म्याद योजना शाखाबाट पेश भए बमोजिम थप गर्ने ।

**च) चालु आ.व.को आय व्यय विवरण सम्बन्धमा**

आर्थिक प्रशासन शाखाबाट कार्यपालिकामा प्रस्तुत भएको चालु आर्थिक वर्ष २०८०/०८१ को आन्दानी तथ्य खर्च विवरण र निर्णायहरू अनुमोदन गर्ने र नगरसभामा समेत पारित गर्नको लागि पेश गर्ने ।

**छ) धनजमानी र अख्तियारी सम्बन्धमा**

यस नगरपालिकाको वडा नं.१,२,४,५,६ र ९ मा साना शहरी खानेपानी तथा सररसफाई आयोजना अन्तर्गत सञ्चालन भइरहेको खानेपानी तथा सरसफाई आयोजनाको शहरी खानेपानी तथा सरसफाई आयोजना अन्तर्गत स्तरोन्नतीको लागि कुल अनुमानित लागतमा बोलपत्रदाताले पेश गरेको ठेक्का कबोल अंक (खानेपानी आपूर्ति तर्फ) को २५ प्रतिशत सम्म कोषले लगानी गर्न सकिने प्रावधान बमोजिम आयोजना व्यवस्थापन कार्यालय, शहरी खानेपानी तथा सरसफाई (क्षेत्रगत) आयोजनावाट प्राप्त हुने अनुदान रकम ७०% को सुनिश्चितता भइसकेको र उपभोक्ता संस्थावाट नगर विकास कोष संग माग भए बमोजिमको २५% रकम रु.२,५८,२५,०३६/-(अक्षरेपी दुई करोड अन्ठाउन्न लाख पच्चसी हजार र छत्तिस रुपैंया मात्र) वार्षिक ५% व्याजदरमा ऋण लिनुपर्ने भएकोले सो ऋणको धन जमानी बसिदिनको लागि उपभोक्ता संस्थावाट अनुरोध भई आएकोले नगर विकास कोष र उपभोक्ता संस्थाविच हुने ऋण सम्झौतामा धन जमानी बस्ने निर्णय गरियो । साथै उक्त ऋण सम्झौताको धन जमानीमा नगर कार्यपालिकाको तर्फवाट हस्ताक्षर गर्न यस नगरपालिका वडा नं.२ का वडा अध्यक्ष तथा कार्यपालिका सदस्य श्री दिपक कायस्थलाई अख्तियारी दिई पठाउने निर्णय गरियो ।